रो० अ० बि० के/श्र० ब० स० सू । २६

# श्रम बजार सम्बन्धि सूचना

(सिन्धुली जिल्लामा आवश्यक जनशक्ति
तालिम र संम्भाव्य शिप बारे
अध्ययन प्रतिवेदन)

000015

Nepal National Library

श्री ५ को सरकार

## श्रम तथा सामाजिक कल्याण मन्त्रालय

## श्रम बिभाग

## रोजगार अनुसन्धान तथा विकास केन्द्र

पुतली सडक, काठमाडौं

फोन नं. ४–११३८०

२०४५ (१९८८)

C.N. ६६४

000015

Nepal National Library

## विषय सूची


| विषय | पेज नं. |
| --- | --- |
| **परिच्छेद I** | |
| भूमिका | |
| शर्भेदाणको उद्देश्य | क |
| अध्ययनको उद्देश्य | ख |
| शर्भेदाण विधि र थ्याक संकलन गर्न लागेको अवधि | ख |
| **परिच्छेद II** | |
| जिल्ला परिचय | १ |
| हाल संचालित ग्रामिण घरेलु उद्योग र रोजगार स्वरूप | ७ |
| घरेलु उद्योग र रोजगार वृद्धिमा परेको कठिनाई | ११ |
| जनशक्तिको माग र आपूर्ति | १२ |
| संम्भाव्य शिप र रोजगारका अवसरहरू | १५ |
| निष्कर्ष | १७ |
| सुझावहरू | २१ |


000015

Nepal National Library

# भुमिका

शिपयुक्त जनशक्तिले देशको आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेल्ने गरेको कुरा सर्व विदीतै छ । जनशक्ति संम्वन्धि तथ्याक र सूचनाको अभावमा उपर्युक्त योजनाहरू तर्जुमा गर्न कठिनाई पर्ने हुंदा यस संम्वन्धि तथ्यांकको माग दिन पर दिन वढदै गएको देखिन्छ । यस प्रतिवेदनमा सिन्धुली जिल्लामा जनशक्ति,तालिम आवश्यकता र संभाव्य रोजगारीको अवसर वारे स्थलगत अध्ययन गरि त्याहांको स्थितीको वर्णन गरिएको छ । जनशक्ति र रोजगार विकास संम्वन्धि चाख राख्ने हरू लाई यस प्रतिवेदनले मद्दत गर्ने छ भन्ने कुरामा मलाई विश्वास छ ।

अन्तमा यस प्रतिवेदन तयार पार्ने कार्यमा संलग्न हुनु भएका श्री राजेश मास्के, श्री वीरेन्द्र कुमार माझि,श्री सानु राजा महर्जन र शर्मिला संग संम्वन्धित सवै व्यक्तिलाई धन्यवाद दिन चाहन्छु ।

२०४५।३।३१।

(हरि प्रसाद पोखरेल)
महा- निर्देशक
श्रम विभाग

## शर्भेक्षणको उद्देश्य :-

राष्ट्रको आर्थिक विकासमा जनशक्तिले महत्वपूर्ण भूमिका खेल्ने गरेको देखिन्छ। तर शिप युक्त राष्ट्रको निमित्त अति लाभदायक हुन सक्छ भने शिप विहिन जनशक्तिले समस्याहरू खडा गरि दिन सक्छ । आज हाम्रो देशमा एकातिर बेरोजगार तथा अर्ध बेरोजगार जस्ता समस्याले सताएको देखिन्छ भने अर्को तर्फ साधारण से साधारण शिपहरूमा पनि शिपयुक्त नेपाली जनशक्तिको अभावमा गैर नेपालीहरूको होडवाजी चलेको देखिन्छ । वढि से वढि नेपालीहरू लाई उत्पादनशिल कार्यमा संलग्न गरि रोजगार मूलक वनाई उनीहरूको क्रयशक्ति वढाउदै लैजाने हाम्रो योजनाहरूको उद्देश्य हो । जनशक्ति सम्वन्धमा योजना तर्जुमा गर्न देश भित्र संचालित विकास आयोजनाहरू ,उद्योग प्रतिष्ठान तथा अन्य व्यवसायहरूको निमित्त आवश्यक पर्ने शिपहरू वारे वृस्तित जानकारी हुन आवश्यक देखिन्छ । श्रम विभाग, रोजगार अनुसंन्धान तथा विकास केन्द्रले देशमा हाल विद्यमान आवश्यक पर्ने जनशक्ति,तालिम, रोजगार विस्तारमा परेको समस्याहरू र गैर नेपालीहरूको संलग्नता वारे अध्ययन शर्भेक्षण गरि प्रतिवेदनहरू तयार पार्दै आईरहेको छ । यस आर्थिक वर्ष ०४४।४५ मा जनकपुर अंन्चल अन्तर्गतका सिन्धुली जिल्लामा आवश्यक जनशक्ति,तालिम र संभाव्य शिप सम्वन्धमा स्थलगत अध्ययन शर्भेक्षण गरि उक्त क्षेत्रको श्रम वजार सम्वन्धि सूचनाको उल्लेख गरिएको छ ।

अध्ययनको उद्देश्य :-

१. हाल विद्यमान आवश्यक र निकट भविष्यमा नै आवश्यक पर्ने जनशक्ति बारे जानकारी गर्न ।

२. रोजगारका अवसरहरू वृद्धिमा पर्ने अवरोधहरू पत्ता लगाउन ।

३. रोजगारीका अवसरहरू प्रवर्द्धन गर्ने उद्देश्यले आवश्यक शिपहरू विकास गर्न संम्वन्धित निकाय लाई सहयोग गर्न ।

४. स्वंय रोजगारी तिर बढि सक्रिय गर्न स्थानीय श्रोतमा आधारित व्यवसाय संम्वन्धमा शिप विकास गर्न आधारभूत तालिम संचालन गराउन ।

५. विकास परियोजनाहरूमा आवश्यक हुने श्रमिकहरूको आपूर्ति जिल्ला भित्रका स्थानीय वेरोजगार तथा अर्ध वेरोजगार वाट गराउन ।

६. विनासमा जान लागेको परम्परागत शिपहरू लाई विकास गरि रोजगारीको अवसरहरू वृद्धि गर्न ।

शर्वेक्षण विधि र तथ्र्याक संकलन गर्न लागेको अवधि :-

जिल्लामा आवश्यक जनशक्ति,तालिम स्थानीय श्रोतमा संचालित उद्योग, वजार,संभाव्य शिपको विकास र रोजगार आदि संम्वन्धमा जिल्लाका सभापति तथा उप-सभापति,प्रधान पंच ,उप-प्रधान पंच,वडा सदस्यहरू,शिक्षक,विभिन्न निकायका अधिकृतहरू र स्थान संग परिचित अन्य व्यक्तिहरू संग सोध पुछ गरि नमूनाको रूपमा तथ्र्याक र सुचनाहरू संकलन गरेको थियो । जिल्लामा तथ्र्याक संकलन गर्न गरिव २५ दिन लागेको र तथ्र्याक संकलन गर्ने शिलशिलामा सदरमुकाम र विभिन्न गाउं पंचायतहरूमा स्थलगत भ्रमण गरेको थियो ।

जिल्ला परिचय :-

सिन्धुली जिल्ला मध्यमान्चल विकास क्षेत्रको जनकपुर अंचल अन्तर्गतका पहाड र भित्री मधेश मिली वनेका एक जिल्ला हुन । यस जिल्लालाई नौं वटा अन्य जिल्ला हरूले घेरिएको छ । यस जिल्ला उत्तर तर्फ महाभारत श्रृंखला दक्षिण तर्फ केहि भित्री मधेश र चुरे पर्वत श्रृंखला समेत वनेको छ ।

यस जिल्लाको उत्तरमा काभ्रे र रामेछाप, दक्षिणमा सर्लाहि, महोत्तरी तथा धनुषा, पूर्वमा ओखलढुङ्गा तथा उदयपुर र पश्चिममा मकवानपुर र रौतहत जिल्ला पर्दछ । यस जिल्लाको क्षेत्रफल अन्दाजी २४९९ वर्ग किलो मिटर छ र जिल्लामा पहाड र भित्री मधेश गरि जम्मा ३६ वटा गाउं पंचायतहरू छन । यस जिल्लाको सदमुकाम सिद्धेश्वर आदर्श गाउं पंचायत हो र यस पंचायतमा सिन्धुली माडी वजार पर्दछ ।

भौगोलिक दृष्टिकोणले यस जिल्ला लाई महाभारत पहाड र भित्री मधेश खण्ड गरि दुई भागमा विभाजन गर्न सकिन्छ । यस जिल्लाको महा-भारत खण्ड समुद्र सतहवाट ४००० देखि ९९३७ फिट सम्मका पहाडी क्षेत्रमा फैलिएका छन भने भित्री मधेश खण्ड १००० देखि १२०० फिट सम्मका मैदानी फांटहरूमा रहेका छन । सुनकोशी नदि र चुरे पर्वत श्रेणी विच लम्विएर पूर्व-पश्चिम फैलिएको यस जिल्लाको आकार भण्डै नेपाल अधिराज्यको नक्सा संग मिल्न आउंछ ।

यस जिल्लाका पहाडी भाग र भित्री मधेश उचाईमा फरक परेको हुंदा साधारणतया मोसमी जलवायुले असर पार्ने गरेता पनि जलवायुको वास्तविक अवस्था धरातलको उचाईमा भर पर्ने भएकोले समुन्द्र सतहवाट भएको उचाईको विभिन्नता अनुरूप याहांका विभिन्न ठाउंहरूमा वेग्ला वेग्लै हावापानीले असर पारेको देखिन्छ।

साधारणतया यस जिल्लाको हिउंदमा केहि ठण्डी भएता पनि अन्य मौसमा न्यानो नै रहन्छ । जिल्ला लाई मनसुनी हावापानीले प्रभाव पारेको हुनाले जेष्ठको अन्त्य देखिन्भण्डै असोज महिना सम्मनै वर्षा प्रशस्त हुने गर्दछ ।

यस जिल्लाको धरातल पहाड र भित्री मधेशको मिश्रण भई बनेको छ । तर क्षेत्रफलको हिसाबले यस जिल्लामा भित्री मधेश भन्दा पहाडको क्षेत्रफल धेरै वढि छ । महा-भारत तथा चुरे पहाड र भित्री मधेश भएको यो जिल्ला नेपाल अधिराज्यको अन्य घना जंगल भएका पहाडी जिल्लाहरू मध्ये एक प्रमुख जिल्ला मानिएको छ । भित्री मधेश क्षेत्रमा करिव करिव ५० प्रतिशत जमिन विभिन्न वनस्पतीले ढाकिएको अनुमान गरिएको छ । यहांको जंगलमा मुख्य पाइने काठहरूमा साल, सिसौ, कर्मा, असना, खयर, जामुन, सतिसाल आदि हुन । यहां वाहेक वांस पनि पाइन्छ । जडिवुटीको रूपमा चिराइतो, हर्रौ वर्रौ, अमल, गिष्ठा, भ्याकुर आदि पाइन्छ ।

यस सिन्धुली जिल्लामा स्थानीय वासिन्दाहरू अनुसार जिल्लाको महा-भारत क्षेत्रमा अभ्रख, चुन ढुङ्गा आदि भएको वुभिन्छ । तर हाल सम्म यस विषयमा कुनै अनुसंन्धान नभएको कुरा निजहरूले वताएका थिए ।

जनसंख्या :-

वि.सं. २०३८ सालको जनगणना अनुसार यस जिल्लामा पुरूष ९३२५१ महिला ९०४५४ गरि जम्मा जम्मी १८,३,७०५ जनसंख्या छन । नेपाल अधिराज्यको ७५ जिल्ला हरूमा वढि जनसंख्याको दृष्टिकोणवाट यो जिल्ला ३६ सौं स्थानमा छन । यस जिल्ला को जनघनत्व ०.६ प्रति हेक्टर छन । यस्तै गरि यस जिल्लामा जम्मा जम्मी २९९५६ घर परिवार भएको र औषत परिवारको आकार ५.६ छन । पाचं सदस्य भएको परिवारको संख्या सवै भन्दा वढि भएको वुभिएको छ । जनकपुर अंचलको जिल्लाहरूमा ठुलो क्षेत्रफल र कम जनसंख्या भएको जिल्ला मध्ये मा यस जिल्ला पनि पर्न आउंछ ।

यस जिल्लाको भित्री मधेश क्षेत्रमा कडा औलोको कारण पहिले याहां कम जनसंख्या भएको हो भनि याहांका स्थानीय वासिन्दाहरुले शर्वेक्षण अवधिमा अन्तर्वार्ता दिंदा वताएका थिए ।

तर हाल औलो नियन्त्रण भईसकेकोले आवादि दिन पर दिन वृद्धि हुदै आइ रहेको कुरा पनि निजहरुले नै वताएका थिए । जिल्लाको पहाडी क्षेत्रमा राई, किराती क्षेत्री, नेवार, मगर, गुरुडग्ग, सेर्पा, तामाडग्ग आदि जातको मानिसहरू वसोवास गरि रहेको छन भने भित्री मधेश क्षेत्रमा दनुवार, र थारुहरू प्रशस्त छन । तर हाल आएर भित्री मधेश क्षेत्रमा औलोको पूर्ण नियन्त्रण भईसकेकोले यसै जिल्ला के पहाडी क्षेत्र वाट वाहुन, क्षेत्री, मगर, गुरुडग्ग, तामाडग्ग, नेवार, आदि जातका मानिसहरू पनि आई वसी वास गरिरहेको देखिन्छ ।

## यातायात :-

यातायातको विकासमा यस जिल्ला पछि नै परेको देखिन्छ । यस जिल्लाको सदरमुकाम वजार सिन्धुलीमाढी सम्म मात्र कच्चि वाटो निमार्ण भईसकेकोले सोहि स्थान सम्म मात्र वसको सुविधा उपलव्ध छन । यस वाहेक जिल्लाका अन्य स्थानमा पैडल घोंटो वाटो को सुविधा मात्र उपलव्ध भएको र वर्षादको मौसममा यसै जिल्लाकै एक स्थान वाट अन्य स्थानहरू जान पनि कठिनाई हुने कुरा स्थानीय वासिन्दाहरुले वताएका थिए । तर स्थानीय वासिन्दाहरू अनुसार वर्दिवास-सिन्धुली जोड्न कच्चा ग्रामिण सडकको निमार्ण पहिले भएको र भविष्यमा यस जिल्लावाट काभ्रे जिल्ला हुदै वनेपा सम्म जोड्ने राजमार्ग वन्ने योजना भएको र त्यस्को निमित शर्वेक्षण भईसकेको वताएका थिए ।

सिद्धेश्वर गाउं पंचायतमा रहेका सिन्धुलीमाढी वजार यस जिल्लाको सदरमुकाम साथै वजार पनि भएकोले कवि कवि सवै जसो सरकारी तथा अर्ध सरकारी र अन्य कार्यालयहरुको शाखा कार्यालय भएको कुरा शर्वेक्षणवाट थाहां हुन आएको

थियो । तिनीहरुमा प्रमुख जिल्ला अधिकारीको कार्यालय, जिल्ला पंचायत कार्यालय, माल कार्यालय, जिल्ला अदालत, छोटी हुलाक, कृषि शाखा, वैंक, आकाशवाणी, कारागार, अस्पताल तथा अन्य जिल्ला स्तरिय कार्यालयहरू यहि नै अवस्थित छन ।

आर्थिक स्थिती :

देशको आर्थिक र सामाजिक परिस्तिीको आधारमा १० देखि ५६ वर्ष सम्मका जनसंख्यालाई आर्थिक दृष्टिले सदाम मानेको छ र १० भन्दा मुनि ५६ भन्दा माथि का उमेर भएकाहरुलाई आर्थिक दृष्टिले आश्रित मान्दा आर्थिक दृष्टिले सदाम भएका संख्या ११०२५६ छन भने तिनीहरुमा आश्रित भएकाहरुको संख्या ६३४५१ छन । यस हिसावले सिन्धुली जिल्लामा आर्थिक निर्भरताको अनुपात १००:५३ हुन आउंछ । अर्को शब्दमा भन्ने हो भने प्रत्येक १०० जना काम गर्न सक्ने माथि काम गर्न नसक्ने ५३ जना आश्रित रहेको देखिन्छ । यस सिन्धुली जिल्लामा वसोवास गरिरहेको व्यक्तिहरुको आवत-जावत तथा यहांवाट हुने व्यापारहरू सवै मुख्य गरेर जनकपुर, उदयपुर जिल्लाको कटारी, सर्लाहि, महोतरीमा हुने गर्दछन भने पहाडी जिल्लाहरु जस्तै ओखलढुङ्गा, खोताङग, रामेछाप आदिमा पनि यहि वाट व्यापार हुने गर्दछ । यस जिल्लाको एक स्थानवाट अर्को स्थान र जोडिएको पहाडी जिल्लाहरुमा यातायातको कठिनाई ले गर्दा मानिसहरुले वोकि सामान वसारपसार गर्दछ ।

सिन्धुली जिल्ला भरिलाई लिएको खण्डमा यस जिल्लाको आर्थिक व्यवस्थामा कृषि दोत्रको योगदान अधिक मात्रामा रहेको छ । त्यसकारण यस जिल्लाका ६२ प्रतिशत भन्दा वढि वासिन्दाहरू कृषि व्यवसायमा नै आश्रित भएका छन भनि स्थानीय वासिन्दाहरुले वताएका थिए । यस जिल्लाका पहाडी दोत्रका साथै भित्र मधेश दोत्रमा कृषि उत्पादन हुने गर्दछन । जिल्लाको पहाडी दोत्रमा सिंचाईको

असुविधाले गर्दा र नदिमा वाढि आउने जस्ता समस्याले गर्दा उब्जनी त्यति राम्री भएको छैन भनि स्थानीय वासिन्दाहरूले आफ्नो राय व्यक्त गरेका थिए । यस जिल्लाको पहाडी क्षेत्रमा मकै,गहुं,तोरी,फापर,आलु,अदुवा,जौ ,कोदो आदि वाली लगाइन्छ भने पहाडको वेसी भागमा धान लगाइन्छ । त्यस्तै गरि भित्री मधेश क्षेत्रमा धान,गहुं ,मकै आदि लगाइन्छ ।

जिल्ला भरि को उत्पादनलाई विचार गर्दा यस जिल्लामा उत्पादन भएको खाद्यान्न यहां वसोवास गरिरहेकाहरूलाई अप्रर्याप्त हुने गरेको थाहा हुन आएको थियो। यहांका वासिन्दाहरूले गाई,भैंसीको दुधवाट घ्यू वनाई वजारमा लगि विक्री गर्ने गरिन्छ । यहांका वासिन्दाहरूले यस वाहेक वाख्रा पालनका साथै जडिवुटी संकलन गर्ने गरिन्छ । यस्तै गरि फलफुल खेतीको रुपमा यहांका पहाडी क्षेत्रमा जुनार,सुन्तला, कागती,नासपाती,निवुवा,हाडे ओखर ,चिउरा आदिको खेती गरिन्छ भने भित्री मधेश क्षेत्रमा कटहर,आंप,भुइकटहर,केरा आदिको खेती गरिन्छ तर यहां वैज्ञानिक तरिकावाट फलफुल खेती गरेको देखिदैन । यसो हुनुको मुख्य कारण वजारको कमि हो भनि स्थानीय वासिन्दाहरूले वताएका थिए । निजहरू अनुसार हाल आएर मात्र जुनार खेतीमा किसानहरू अग्रसर भएको देखिन्छ । यस वाहेक यस जिल्लाको पहाडी क्षेत्रमा वसोवास गरिरहेकाहरूले फुर्सतको समयमा राडी,पाखी,चुत्का,उनी वस्त्रहरू वुन्ने काम गर्दछ भने भित्री मधेशमा वस्ने वासिन्दाहरूले कृषि वाहेक सहायक पेशाको रुपमा वाख्रा पालन गर्नुका साथै फुर्सतको समयमा माछा मार्ने,कपडा वुन्ने र वांसको सामान हरू वनाउने गर्दछ । सहायक पेशाको रुपमा यस जिल्लाका केहि वासिन्दाहरू नोकरी तथा व्यापारमा माछा पालन व्यवसायमा पनि केहि लागेको वुझिन्छ । त्यस्तै गरि हिउंदको समयमा तराई क्षेत्रमा आई मजदुरी गर्ने चलन पनि छ ।

यस सिन्धुली जिल्लको सिन्धुलीमाढी सम्म कच्ची राजमार्ग भएता पनि यातायातको दृष्टिकोणवाट पछि परेको हुदा यहां उद्योगहरूको स्थापना अलि नै कम मात्रामा भएको देखिन्छ । अर्को शब्दमा भन्ने हो भने यहां उद्योगको विकास भएकै

छैन भने हुन्छ । यहांका भित्री मधेश क्षेत्रमा साना साना केहि राइस मिलहरू संचालन भई रहेको कुरा सर्वेक्षणवाट थाहा हुन आएको थियो । यस वाहेक यस जिल्लामा केहि अन्य उद्योगहरू जस्तै डिष्टलरी,फर्निचर,फलामका सामानहरू वनाउने,होजीयरी, आयल मिल,विस्कुट,छापाखाना,पाउरोटी,इंटा आदि संचालन भई रहेको वुझिन्छ तर कपडा वुन्ने र वांसका सामानहरू वनाउने ,डोरी वुन्ने आदि यहांका वासिन्दा हरूले घरेलु रुपमा गर्दै आएको वुझिन्छ । पहाडी जिल्लामा वस्ने वासिन्दाहरूले भेडाका भुत्लावाट राडी,पाखी,चुत्का वुन्ने गर्दछ यस कार्यमा विशेष गरि गुरुङग जातीहरू संलग्न भई रहेको देखिन्छ ।

यस जिल्लाको व्यापारी केन्द्र सिन्धुली माढी नै हो । जिल्लाको सदरमुकाम समेत भएको हुदा जिल्लामा अन्य भागमा वसोवास गरि रहेका वासिन्दाहरू साथै यस जिल्ला संग जोडिएको पहाडी जिल्लाका वासिन्दाहरूले खरिद तथा विक्री यसै व्यापारी केन्द्रमा आई गर्ने गरेको कुरा स्थानीय वासिन्दाहरूले वताएका थिए ।

शर्वेक्षणको समयमा अन्तर्वार्ता दिनेहरूलाई उनीहरूको पंचायतमा उत्पादन भएका खाद्य वस्तुहरू आ-आफ्नो पंचायतमा वसोवास गरि रहेका वासिन्दाहरूलाई वर्ष भरिको निमित्त प्रर्याप्त हुन्छ भनि सोधिएको प्रश्नको जवाफमा डाडा गराये, भद्रकाली,भिमाडङग,सिद्धेश्वर,भिमस्थान,रानी चुडी गाउं पंचायतमा उव्जनी भएका खाद्यान्न -यहांका वासिन्दाहरू लाई वर्ष भरिलाई पुग्ने तर वस्तीपुर गाउं पंचायत मा उत्पादन भएको खाद्यान्न त्यहांका वासिन्दाहरूलाई ८ महिना जतिलाई मात्र पुग्ने त्यस्तै गरि दुर्गाभ्याडङग,महेन्द्रमाझि,अमले आदि गाउं पंचायतहरूमा उव्जनी भएका खाद्यान्न त्यहांका वासिन्दाहरूलाई करिव ६ महिनालाई मात्र पुग्ने र नपुग खाद्यान्न सदरमुकाम तथा धनुषा जिल्लावाट ल्याई पु-याउने गर्दछ भनि स्थानीय गाउं पंचायतका प्रधान पंच,उप-प्रधान पंच तथा वडा सदस्य साथै अन्य व्यक्तिहरूले अन्तर्वार्ता दिंदा वताएका थिए ।

## हाल संचालित ग्रामिण घरेलु उद्योग र रोजगारको स्वरूप :-

देशका अन्य जिल्लाहरूमा जस्तै यस जिल्लामा पनि असंगठित रूपमा साना-साना घरेलु उद्योगहरू संचालन भईरहेको कुरा शर्वेक्षणवाट थाहां हुन आएको थियो । यस जिल्लाका विभिन्न गाउं पंचायतहरूमा राइस मिल, फर्निचर उद्योग, डिष्टीलरी, विस्कुट, पाउरोटी, छापाखाना, होजीयरी, इंटा, फलाम सम्वन्धि, कपडा वुनाई, डोरी, वांसका सामानहरू, स: मिल आदि वजारमा विक्री गर्ने उद्देश्य लिई संचालन भईरहेका छन भने घरायसी प्रयोगको निमित्त डोरी, वांसका सामान, कपडा आदि वनाउने गर्दछ ।

पहाडी क्षेत्रमा वसोवास गर्नेहरूले उनी वस्तुहरू जस्तै राडी, पाखि, गलैंचा, स्विटर, चुटका वुन्ने गर्दछ । यस्तै गरि भित्री मधेश क्षेत्रमा वस्ने वासिन्दाहरूले वांसका सामानहरू वावियोको डोरी, माछा समात्ने जाल आदि वनाउने गर्दछ भनि गाउं पंचायतका वासिन्दाहरूले वताएका थिए । जिल्लाको सदरमुकाम सिन्धुली माढी यसै जिल्लाका विभिन्न गाउं पंचायतहरू जाने वाटो साथै अन्य पहाडी जिल्लाहरू जाने केन्द्र भएकोले एक व्यापारी केन्द्रको रूपमा विकास हुदै आएको छ र भविष्यमा अझ गुल्जार भएर जाने संम्भावना छ । यहां साना साना घरेलु उद्योगहरू पनि संचालन भईरहेको देखिन्छ ।

यस जिल्लको पहाडी क्षेत्र फलफुल खेतीको निमित्त उपयुक्त भएकोले यहांका वासिन्दाहरूले विभिन्न जातका फलफुलहरू जस्तै सुन्तला, जुनार, कागती, नासपाती, निवुवा, हाडे वखर, अम्वा, केरा, कटहर, चीवुरी आदिको विरुवा लगाउने गरेको छ । जुनार खेतीवाट राम्रो आम्दानी दिने गरेकोले हाल आएर व्यापारी दृष्टिकोणवाट जुनार खेतीमा याहांका वासिन्दाहरू अग्रसर भएको कुरा याहांका स्थानीय वासिन्दाहरूले अन्तर्वार्ताको सिलसिलामा वताएका थिए । याहांका वासिन्दाहरू लाई जुनार खेतीमा आकर्षित गराई यस खेतीमा अग्रसर गराउन जिल्ला स्तरिय कृषि शाखाले ठुलो भूमिका खेलेको कुरा पनि निजहरूले वताएका थिए ।

शर्भेदाणको अवधिमा विभिन्न गाउं पंचायतहरूका संम्वन्धित व्यक्तिहरू लाई उनीहरूको गाउं पंचायतहरूमा संचालित घरेलु उद्योग संम्वन्धमा प्रश्न गर्दा भिमान, भिमस्थान, वस्तीपुर, महेन्द्र माढी, अमले, रानीचुरी गाउं पंचायतहरूमा गलैंचा वुन्ने, कपडा वुन्ने, राडी, पाखि, चुटका वुन्ने, डोरी वुन्ने र साना साना राइस मिलहरू संचालन भईरहेको छन भने डाडी गुराँसे, सिद्धेश्वर गाउं पंचायतहरूमा राइस मिल, विस्कुट उद्योग, पाउरोटी, फर्निचर, होजियरी, इंटा, ढाका टोपी वुन्ने, कपडा वुन्ने र बाँसका सामानहरू आदि वनाउने गर्दछ र यिनीहरूले उत्पादन गरेका वस्तुहरू हात वजार तथा सदरमुकामको वजार साथै विभिन्न स्थानहरूमा मेला लाग्दा विक्री गर्ने गरेको कुरा गाउं पंचायतका प्रधान पंच, उप-प्रधान पंच, वडा सदस्य तथा अन्य स्थानीय व्यक्तिहरूले अन्तर्वार्ताको सिलसिलामा वताएका थिए । हिंउंदमा यस जिल्लाका वासिन्दाहरू घर घरमा कपडा वुन्ने तथा वांसवाट विभिन्न सरसामानहरू वनाउने काममा लाग्ने गरेको कुरा पनि निजहरूले वताएका थिए । तर विस्कुट, पाउरोटी, फर्निचर, होजियरी, इंटा, ढाका टोपी, कपडा, गलैंचा, राडि, पाखि र केहि अन्य सामानहरू वाहेक सवै जस्तो उत्पादन हुने वस्तुहरूको वढि प्रतिशत आफैले उपभोग गर्ने गरेको कुरा शर्भेदाण वाट थाहा हुन आएको थियो ।

शर्भेदाणको अवधिमा अन्तर्वार्ता सम्मिलित हुनेहरू लाई हाल संचालन भईरहेको घरेलु उद्योगहरू स्थानीय श्रोतको आधारमा स्थापना भएको हो भनि सोधिएको प्रश्नको जवाफमा राइस मिल, फर्निचर, डोरी वुन्ने, इंटा भट्टा आदि स्थानीय श्रोतको आधारमा स्थापना भएका छन भने उनिवस्तुहरू जस्तै गलैंचा, राडी पाखि, चुटका आदि पनि स्थानीय कच्चि पदार्थ र केहि मात्रामा जोडिएको जिल्लावाट ल्याई संचालन गरि रहेको र विस्कुट, पाउरोटि, छापाखाना, होजियरी उद्योगहरूको निमित्त आवश्यक पर्ने कच्चा पदार्थहरू जनकपुर, विराटनगर र केहि काठमाडौवाट समेत ल्याई संचालन गरि रहेको छ भनि जिल्ला तथा गाउं पंचायत प्रधान पंच, उप-प्रधान पंच र वडा सदस्य तथा अन्य प्रतिष्ठित व्यक्तिहरूले वताएका थिए ।

यस सिन्धुली जिल्लामा रोजगारीको अवसरहरु वृद्धि हुन सकेको छैन र निकट भविष्यमा पनि रोजगारीका अवसरहरु वृद्धि हुने कुनै पनि संभावना छैन भनि जिल्ला पंचायतका सभापती, विभिन्न गाउं पंचायतहरुका प्रधान पंच तथा उप-प्रधान पंच र वडा सदस्यहरुले वताएको थियो ।

सिन्धुली जिल्लाको सदरमुकाम सिद्धेश्वर गाउं पंचायतमा सिन्धुलीमाढी वजार भएको र उक्त स्थानमा सरकारी, अर्ध सरकारी, वैंक आदि निकायहरुको कार्यालय स्थापना भई संचालन भईरहेको छन र भविष्यमा अरु थप निकायहरु पनि खुल्दै जाने देखिन्छ र यी खालीएका निकायहरुको निमित्त आवश्यक भवनहरु निमार्ण हुने र विस्तार वजारको विकसित भएर जाने देखिएकोले भविष्यमा निजी घरहरु पनि निमार्ण हुने संभावना भएकोले केहि मात्रामा भए पनि निमार्ण क्षेत्रमा रोजगारीका अवसरहरु वृद्धि हुने अनुमान गर्न सकिन्छ ।

हाल यस जिल्लाको सिन्धुली माढी, भिमान, दुऔनी, कपिलकोट आदि स्थानहरुमा वजारहरु अवीकसित अवस्थामै रहेको र साना साना घरेलु उद्योगहरु पनि अति कम संख्यामा संचालन भईरहेकोले यी क्षेत्रहरुमा रोजगारीका अवसरहरु नगण्य संख्यामा मात्र वृद्धि हुने देखिएको र यस वृद्धि वाट हाल देखा परिरहेको वेरोजगार तथा अर्ध वेरोजगार समस्या सुल्भाउन सहयोग हुने देखिदैन ।

यस जिल्ला संग जोडिएका जिल्लाहरु र यस क्षेत्रका जिल्लाहरुमा माल सामानहरु वसार-पसार गर्ने काम यस जिल्ला वाट अति कम मात्रामा हुने गर्दछ । छिमेकी रामेछाप जिल्लामा माल सामानहरु पठाउने र सो जिल्लामा उत्पादन भएका वस्तुहरु दोलखा जिल्ला हुदै आउने गर्दछ । तर यस जिल्लाको पहाडी भागमा जुनार, सुन्तला आदि फलफुल खेती दिन पर दिन वृद्धि हुदै गएकोले भविष्यमा यस जिल्लामा प्रर्याप्त फलफुलहरु उत्पादन हुन गई वजार, रोजगारी आदिको विकास हुने संभावना छ ।

जिल्ला भरिलाई लिएको खण्डमा यस जिल्ला द्गमै अवीकसित नै देखिन्छ । जिल्लाका गाउं पंचायतहरुमा धानी तिनी राइस मिल एण्ड आयल मिल,पानी घट्टा, संचालन भईरहेको र कृषि वाहेक अन्य गैर कृषि व्यवसायको विकास हुन नसकेकोले रोजगारीको अवसरहरुको वृद्धि हुन सकेको देखिदैन र भविष्यमा पनि वृद्धि हुने संभावना अति कम छन । जस्ले गर्दा वेरोजगार तथा अर्ध वेरोजगार जस्ता समस्याले अति सताएको देखिन्छ र यी वेरोजगार भएकाहरु छिमेकी तराई र अन्य तराई जिल्लाहरु मा गई नौकरी,मजदुरी आदि गरि आफ्नो जिविका संचालन गरिरहेको कुरा सथानीय वासिन्दाहरुले वताएको थियो ।

शर्मेक्षण टोलीले विभिन्न गाउं पंचायतहरुमा स्थलगत भ्रमण गरि संम्वन्धित व्यक्तिहरु संग निजहरुको पंचायतमा रोजगारी संम्वन्धमा तथ्याकहरु संकलन गरेको थियो । प्राप्त तथ्याक अनुसार शर्मेक्षण गरिएका सवै जसो गाउं पंचायतहरुमा असंगठित रुपमा घरेलु उद्योगहरु संचालन भईरहेको र केहि गाउं पंचायतहरु जस्तै भिमान, भिमस्थान,वस्तीपुर,महेन्द्रमाढी, रानीचरामा राइस मिलहरु,डांडी गुरासेमा विस्कुट, सिद्धेश्वरमा छापाखाना,पाउरोटी,डिष्टीलरी,फर्निचर,राइसमिल तथा आयल मिल, होजीयरी,इंटा उद्योगहरु संचालन भईरहेको पाइएको थियो । तर प्राय सवै गाउं पंचायतहरुमा कपडा वुन्ने र वांसका विभिन्न सामानहरु वनाउने गरेको कुरा शर्मेक्षण वाट थाहा हुन आएको थियो । यी सामानहरु विशेष गरी हिउंदमा फुर्सतको समयमा वनाउने गरेको कुरा अन्तर्वार्ता दिनेहरुले वताएका थिए । यस वाहेक यहांका वासिन्दाहरुले बावियो वाट डोरी पनि वनाउने गर्दछ । यस्तै गरि गाईको दुधवाट घ्यू वनाउने र जडिवुटी संकलन गर्ने कार्य पनि गर्दछ भनि निजहरुले वताएका थिए ।

शर्मेक्षण टोलीले हाल संचालन भईराखेको विस्कुट,छापाखाना,पाउरोटी, फर्निचर,डिष्टीलरी,राइस तथा आयल मिल ,होजीयरी,इंटा उद्योगहरुको संख्या मा वृद्धि भई रोजगारीका अवसरहरु वृद्धि हुन सक्ला भनि अन्तर्वार्ता दिनेहरु संग

प्रश्न गर्दा वजारमा उक्त वस्तुको मागको कमि,यातायातको कठिनाई,आर्थिक समस्या, कच्चा पदार्थ को अभाव आदि समस्याहरूले गर्दा हाल संचालन भईरहेका उद्योगहरू नै राम्रो अवस्थामा छैन । अत: यी उद्योगहरू र रोजगारीको वृद्धि हुने संभावना अति कम भएको कुरा वताएको थियो । भविष्यमा यी सिन्धुली माढीका समस्याहरूमा सुधार भएर गएको खण्डमा साना साना घरेलु उद्योगहरूको साथै रोजगारीको अवसरहरू वृद्धि हुन सक्ने आसंका गरेको थियो । हाल यस जिल्लाका केहि गाउं पंचायतहरूमा घरहरू निर्माण हुदै गरेको र राइस मिल तथा आयल मिल संचालन भईरहेकोले उक्त कार्यहरू संचालनको निमित्त सिकर्मी,डकर्मी,चित्रकार,ग्रील वनाउने ,मिलर,मेशिन मकानिक्स फलामका औजार वनाउने (कृषि कार्यको निमित्त) आदि जनशक्ति अभाव भईरहेको कुरा शर्वेक्षण वाट थाहा हुन आएको थियो ।

## घरेलु उद्योग र रोजगार वृद्धिमा परेको कठिनाई :-

अन्तर्वातामा सम्मिलित भएकाहरू संग यस सिन्धुली जिल्लामा घरेलु उद्योग र गैर कृषि व्यवसायहरू आउन र फस्टाउन नसकेका कारण के के हुन भनि प्रश्न गर्दा यातायातको कठिनाई वजारको समस्या,आर्थिक समस्या,जनशक्तिको अभाव,घरेलु उद्योग तथा अन्य व्यवसायहरू वारे अज्ञान,पहिले देखि चलिआएको पेशा लाई नै वढि मन पराउने इत्यादी वताएका थिए ।

जिल्लाका गाउं पंचायतहरू लाई अलग अलग गरि लिएमा डुडंगा भन्ज्याङग, डाडी गुरासे,भद्रकाली,भिमस्थान,वस्तीपुर,महेन्द्र माढी,रानीचुरा गाउं पंचायतहरूमा कच्ची पदार्थको सकस्या,आर्थिक समस्या,वजारको अभाव,शिपयुक्त जनशक्ति अभाव आदि हुन भने भीमान र सिद्धेश्वर गाउं पंचायतहरूमा कच्चि पदार्थको अभाव,शिपयुक्त जनशक्तिको अभाव ,वजारको समस्या छन । त्यस्तै अन्य पंचायतहरूमा ...

आर्थिक कठिनाई र वजारको समस्या र पुरानो कुरा विश्वास राख्ने आदिले गर्दा कृषि वाहेक अन्य गैर कृषि व्यवसायहरू आउन र फस्ताउन नसकेको हो भनि वताएका थिए ।

जनकपुर अंचलको सिन्धुली जिल्लामा घरेलु उद्योग तथा अन्य गैर कृषि व्यवसाय को विकास हुन नसकेको मुख्य कारणहरूमा यातायातको कमि ,वजारको कमि, आर्थिक कठिनाई र शिपयुक्त जनशक्तिको अभाव हुन । यस पछि यहांका वासिन्दा हरू नयां व्यवसायमा अग्रसर हुन डराउने र पुरानै पेशामा चित्त वुझाएर वस्ने गरेको कारणले गर्दा कृषि वाहेक अन्य क्षेत्रमा विकास हुन नसकि रोजगारीका अवसरहरू वृद्धि हुन समस्या परिरहेको हो भनि जिल्ला पंचायतका सभापति,गाउं पंचायतहरूका प्रधान पंच तथा उपप्रधान पंच ,वडा सदस्यहरू तथा स्थान संग परिचित अ अन्य व्यक्तिहरूले शर्वेक्षणको समयमा अन्तर्वार्ता दिंदा वताएका थिए । निजहरू अनुसार यातायातको सुविधा,आर्थिक सहयोग, विभिन्न शिपहरूमा तालिम,कच्चा पदार्थ उपलव्ध गराई दिएमा र यस जिल्लामा उत्पादित वस्तुहरू जोडिएका तराई जिल्लाहरूमा विक्री गर्न सकिएको खण्डमा हाल यहां रहेका वेरोजगार तथा अर्ध वेरोजगार समस्या केहि हद सम्म सुध्रिन सक्ने छन ।

जनशक्तिको माग र आपूर्ति :-

शर्वेक्षण टोलीले अन्तर्वार्ता दिनेहरू संग उनीहरूको गाउं पंचायतहरूमा अभाव भई रहेका शिप संम्वन्धि जानकारी गर्न प्रश्न गर्दा जवाफमा सिन्धुली जिल्लामा हाल सिकर्मी,डकर्मी,कटाई सिलाई जान्ने,वांसका विभीन्न सामानहरू वनाउने दक्ष व्यक्ति,गलैंचा वुन्ने,मिलर,मेशिन मर्मत गर्ने ,उनमा रंगाइ गर्ने,कृषि तथा घरायसी फलामे औजार वनाउने ,कपडा वुन्ने,फर्निचरमा रंग लगाउने,प्रेश कम्पो-जिटर,होजियरी संम्वन्धि काम जान्ने,वेंकर आदि छन भनि वताएका थिए । यस्तै

गरि राडी पाखि,स्विटर,मफलर,वांसका सामानहरू वनाउने,लहार काम गर्ने,चटाई वनाउने आदिमा शिप अभिवृद्धि तालिमको आवश्यक छन भनि वताएको थियो । शर्भेक्षण गरिएको प्रत्येक गाउं पंचायतहरूका प्रधान पंच तथा उप-प्रधान पंच,वडा सदस्य र स्थान संग परिचित अन्य व्यक्तिहरू संग लिएको अन्तर्वातार्मा उनीहरूको गाउं पंचायतहरूमा के कस्तो शिपहरूको आवश्यक छ भनि प्रश्न गर्दा तल दिएका गाउं पंचायतहरूमा निम्न शिपहरूको आवश्यक छ भनि वताएको थियो ।

आवश्यक भएको शिप र संख्या :

| गाउं पंचायत | शिपहरू | संख्या |
|---|---|---|
| डुडङग मन्ज्याडङग | सिकर्मी | २० |
| | डकर्मी | २० |
| | कटाई सिलाई | ४० |
| डाडी गुरासे | वांस संम्वन्धि विभिन्न काम जान्ने दक्ष व्यक्ति | ५० |
| भद्रकाली | स्विटर वुनाई | १० |
| | कपडा वुनाई | १५ |
| भिमान | सिलाई कटाई | २० |
| | कपडा धुनाई | १५ |

| गाउँ पंचायत | शिपहरू | संख्या |
|---|---|---|
| सिद्धेश्वर | मिलर | ३ |
| | सिकर्मी | ७ |
| | डकर्मी | ७ |
| | सिलाई कटाई | २५ |
| | कपडा बुनाई | ५० |
| | गलैंचा बुन्ने | २५ |
| | उनी कपडा बुन्ने | २५ |
| | राइस मिल मेशिन मर्मत गर्ने | ५ |
| बस्तिपुर | सिकर्मी | १० |
| | डकर्मी | १० |
| महेन्द्र माढी | कपडा बुनाई | ५ |
| | सिकर्मी | २५ |
| | डकर्मी | २५ |
| | मिलर | २ |
| रानी चुरी | सिकर्मी | १० |
| | डकर्मी | १० |
| अमले | सिकर्मी | १० |
| | डकर्मी | १० |
| | कटाई सिलाई | १० |
| | मिलर | २ |

ासिन्धुली जिल्लामा हाल तालिम दिई जनशक्ति उत्पादन गर्ने कार्यमा संलग्न भईरहेको निकायमा ग्रामिण तथा घरेलु विभागका शाखा कार्यालय नै छन । उक्त निकायले सिलाई कटाई र सुति कपडा बुनाई विषयहरूमा तालिम प्रदान गर्दै आई रहेको कुरा सर्वेक्षण वाट थाहा हुन आएको थियो ।

यस वाहेक काम गरि अनुभव वाट याहांका वासिन्दाहरूले सिकर्मी,कटाई सिलाई ,कपडा वुनाई,गलैंचा,राडी पाखि,मफलर आदि वुनाई ,वांसका विभीन्न सामानहरू वनाउने शिपहरूमा ज्ञान हासिल गरेका छन भनि प्रधान पंच तथा उप-प्रधान पंच ,वडा सदस्य र स्थान संग परिचित व्यक्तिहरूले वताएका थिए ।

संम्भाव्य शिप र रोजगारको अवसरहरू :-

आज देशमा गरिवी वेरोजगार तथा अर्ध वेरोजगार जस्ता समस्याहरू गंम्भिर रूपमा देखा परेका छन । ग्रामिण क्षेत्रमा यस समस्याले अझ वढि सताएको देखिन्छ । अत: यस समस्यामा सुधार ल्याउन आवश्यक कदमहरू चालु पर्ने देखिन्छ ।

शर्भेक्षणको समयमा अन्तर्वार्ता दिनेहरू लाई हाल उनीहरूको जिल्लामा देखा परिरहेको गरिवी,वेरोजगार तथा अर्ध वेरोजगार जस्ता समस्याको समाधान केहि हद सम्म भए पनि गर्न स्थानीय श्रोतको आधारमा के कस्तो किसिमको विकास गर्न सकिन्छ भनि सोधिएको प्रश्नको जवाफमा जिल्ला सभापति,विभिन्न गाउं पंचायतहरू का प्रधान पंच,उप-प्रधान पंच,वडा सदस्य र स्थान संग परिचित अन्य व्यक्तिहरूले हाल का वेरोजगारहरू तथा भविष्यमा वृद्धि हुदै जाने जनशक्तिको निमित्त कृषि वाहेक अन्य क्षेत्रमा छरिटो विकास गर्नु पर्ने राय व्यक्त गरेका थिए । उनीहरू अनुसार हाल देखा परिरहेको वेरोजगार तथा अर्ध वेरोजगार समस्यामा केहि हद सम्म सुधार

ल्याउन यातायातको विकास, घरेलु उद्योग विकास, फलफुल खेती, मैसी पालन, माछा पालन, मौरी पालन, वाख्रा पालन, कृषि तथा घरेलु फलाम औजार वनाउने, रोडा उद्योग, पाउरोटी उद्योग, वेत वांसको सामान वनाउने, कपडा वुन्ने, गलैचा, राडी पाखि, ढाका टोपी वुन्ने , स:मिल आदि विकास गर्न सकिएको खण्डमा रोजगारीका अवसरहरू वृद्धि हुने देखिन्छ र वेरोजगार तथा अर्ध वेरोजगार जस्ता समस्यामा केहि सुधार आउने छन भनि आ-आफ्ना राय व्यक्त गरेका थिए ।

निष्कर्ष :-

सिन्धुली जिल्ला पहाडी तथा तराईका नौ वटा जिल्लाहरू संग भौगोलिक संम्पर्क भएर पनि अविकासित र दुर्गम जस्तै अवस्थामा रहेको देखिन्छ । यस जिल्लाको अधिकांश भाग पहाडी क्षेत्रमा परेकोले खाद्यान्न उत्पादनमा पछि नै परेको कुरा शर्वेक्षण वाट थाहा हुन आएको थियो । यस जिल्लाका करिव ९२ प्रतिशत जनशक्ति कृषि पेशामा लाग्ने गरेको कुरा अन्तर्वार्ता दिनेहरूले वताएका थिए । वेरोजगार तथा अर्ध वेरोजगार समस्याले यस जिल्लामा अति सताएको देखिन्छ । अन्य क्षेत्रमा रोजगारीको अभावले गर्दा हरेक वर्ष थपिन्दै गईरहेको श्रम शक्ति मजुवर भएर कृषि क्षेत्रमा हुम्मिएको छ । प्राप्त सूचना अनुसार यहांका वासिन्दाहरू वर्षमा करिव ५-६ महिना कृषि कार्यमा लाग्ने गरेको र अन्य समय वेरोजगार भएर वस्नु पर्ने भएकोले मजदुरी गर्न छिमेकी तराई जिल्लाहरूमा झर्ने गर्दछन भनि स्थानीय गाउं पंचायतका वडा सदस्य तथा अन्य व्यक्तिहरूले अन्तर्वार्ता दिंदा वताएका थिए ।

यस जिल्लाका वासिन्दाहरू फुरसदको समयमा विशेष गरि हिउंदमा कपडा वुन्ने र वांसका विभिन्न सामानहरू वनाउने कार्यमा संलग्न हुने गर्दछ । पहाडी क्षेत्रमा फलफुल खेती हुने गरेकोले हिउंदमा फलफुलको विक्री प्रशस्त मात्रामा गर्दछ । गाउं पंचायत वस्ने वासिन्दाहरूले तयार गर्ने कपडा र विभिन्न वांसका सामानहरूको ९० प्रतिशत भन्दा वढि घरायसी प्रयोगमा ल्याउने गरेको कुरा शर्वेक्षण वाट थाहा हुन आएको थियो ।

सहायक पेशाको रूपमा गाई,भैसी पालन गर्ने हुंदा दुध वाट तयार गरेको घ्यू,त्यस्तै मह,जडिवुटी आदि जिल्लाको वजार तथा अन्य जिल्लाहरूमा लगि विक्री गरि प्राप्त रकम वाट आफ्नो दैनिक आवश्यकताका सामानहरू खरिद गर्ने गर्दछ भनि जिल्ला पंचायतका सभापति तथा गाउं पंचायतका प्रधान पंच,वडा अध्यक्ष तथा वडा सदस्यहरूले वताएका थिए ।

सिन्धुली जिल्लामा आलुको उत्पादन हुने गरेको र उत्पादन भएको आलु याहांका वासिन्दाहरूले प्रशस्त उपभोग गर्ने गरेको र यातायातको असुविधाको कारण जिल्ला भित्रैका वजारहरूमा विक्री हुने गरेको र आलु खेती वाट कम मात्र फाइदा हुने गरेकोले फलफुल खेतीमा याहांका वासिन्दाहरूले दिल चस्पी दिन लागेको र यस्को खेती पनि दिन पर दिन वृद्धि हुदै गरेको छ भनि गाउं पंचायतका प्रधान पंच तथा उप-प्रधान पंचहरूले अन्तर्वार्ता दिंदा वताएका थिए ।

हिउंदको समयमा याहांका वासिन्दाहरू काम नपाई वेरोजगार भएको वखतमा जडिवुटी संकलन गरि ल्याई वजारमा विक्री गर्ने गरेको कुरा पनि सर्वेक्षण वाट थाहा हुन आएको थियो।

सर्वेक्षण वाट प्राप्त सूचना अनुसार सिन्धुली जिल्लामा केहि ग्रामिण घरेलु उद्योगहरू संचालन भईरहेको छन । संचालन भईरहेको घरेलु उद्योगहरूमा राइस एण्ड आयल मिल, फर्निचर, डिष्टिलरी, विस्कुट, पाउरोटी, छापाखाना, होजीयरी, घंटा भटा, फलाम संम्वन्धि आदि हुन भने असंगठित रुपमा हाल विभिन्न गाउं पंचायतहरूमा संचालन भईरहेको घरेलु उद्योगहरूमा कपडा वुन्ने, डोरी वुन्ने, वासंका विभिन्न सामान हरू, राडी पाखी, गलैंचा, स्विटर, चुटका आदि हुन । यस सिन्धुली जिल्लामा कृषि कार्य गरि फुर्सतको समयमा विशेष गरि हिउंदको मौसममा घर घर पिच्छे कपडा वुन्ने र वासंका सामानहरू वनाउने गर्दछन भनि स्थानीय गाउं पंचायतहरूका प्रधान पंच, वडा अध्यक्ष तथा सदस्यहरूले वताएको थियो । उपरोक्त माथिका घरेलु उद्योगहरूले उत्पादन गरिएको देखिन्छ भने घर घरमा उत्पादन गर्ने कपडा, वासंका सामानहरू, राडी पाखी, गलैंचा, स्विटर आदि वजारमा विक्री गर्ने साथै घरायसी प्रयोगको निमित्त उत्पादन गर्ने गरेका वुझिन्छ । हालको स्थितीमा यस जिल्लामा घरेलु उद्योगहरूको संचालन नै नगण्य संख्यामा संचालन भईरहेको र हिउंदको फुर्सत

समयमा कपडा, वांसका सामानहरू, राडी पाखी, गलैंचा आदिको पनि वजार नभएकोले घरायसी प्रयोगमा वढि ल्याइनेगरेको छ । अत: रोजगारीको अवसरहरूको वृद्धि नगण्य मात्रामा मात्र भएको र भविष्यमा पनि वृद्धि हुने हुने संभावना नभएको कुरा शर्वेक्षण वाट थाहा हुन आएको थियो ।

हाल यस जिल्लामा संचालन भईरहेको घरेलु उद्योगहरूमा राइस एण्ड आयल मिल, फर्निचर, डोरी, ईंटा भट्टा आदि स्थानीय श्रोतको आधारमा संचालन भईरहेका छन भने विस्कुट, कपडा, पाउरोटी, छापाखाना, होजीयरी, डिष्टिलरी, आदि उद्योगहरूको निमित्त आवश्यक पर्ने कच्चि पदार्थहरू जनकपुर, विराटनगर र केहि काठमाडौ वाट समेत ल्याई संचालन गरि रहेको कुरा जिल्ला पंचायतका सभापति तथा अन्य स्थानीय व्यक्तिहरूले वताएका थिए ।

सिन्धुली जिल्लाको विशेष गरि सदरमुकाम सिद्धेश्वर गाउं पंचायत सिन्धुली माढी वजारमा सरकारी, अर्ध सरकारी, वैंक आदि निकायहरूको कार्यालय हरू स्थापना भई संचालन भईरहेको र भविष्यमा अरू थप निकायहरू पनि खुल्दै जाने देखिन्छ । याहां केहि भवनहरू निर्माण हुंदै गरेको र भविष्यमा अरू थप भवनहरू पनि निर्माण हुने देखिएकोले केहि मात्रामा निर्माण क्षेत्रमा रोजगारी वृद्धि भएको र भविष्यमा पनि वृद्धि हुने देखिन्छ । यस जिल्लाको पहाडी भाग फलफुल खेती दिन पर दिन वृद्धि भईरहेको र भविष्यमा अझ वढि बृद्धि हुने देखिएकोले यस क्षेत्रमा रोजगारी वृद्धि हुने संभावना छ ।

यस जिल्लामा हाल अभाव भईरहेको शिपहरूमा सिकर्मी, डकर्मी, चित्रकार, ग्रील वनाउने, फलामको कृषि औजार वनाउने, वांसका विभिन्न सामानहरू वनाउने दक्ष व्यक्ति, कटाई सिलाई, मिलर, मिलिङग मेशिन मर्मत गर्ने, उनी रंगाउने, फर्निचरमा पोलिश गर्ने, प्रेश कम्पोजिटर, होजियरी सम्वन्धि काम जान्ने, वेकर आदि हुन भनि विभिन्न गाउं पंचायतका प्रधान पंच, उप-प्रधान पंच, वडा अध्यक्ष

तथा सदस्यहरूले वताएका थिए । यस्तो गरि राडि पाखी, गलैचा, स्विटर, मफलर, फलामको काम जस्ता शिप अभिवृद्धि तालिमको आवश्यकता छ भनि वताएका थिए।

यस जिल्लामा ग्रामिण तथा घरेलु उधोग विकास शाखा कार्यालयले सिलाई कटाई र सुति कपडा वुनाई विषयका तालिम दिइएको कुरा संम्वन्धित अधिकृतले वताएको थियो । यस वाहेक काम गरि अनुभव वाट पनि यहांका वासिन्दाहरूले विभिन्न शिपहरूमा ज्ञान हासिल गरेको छन भनि अन्तर्वार्ता दिनेहरूले वताएको थियो ।

यस जिल्लामा पनि वेरोजगार तथा अर्ध वेरोजगार र गरिवी जस्ता समस्याले सताएको देखिन्छ । यी समस्याको केहि हद सम्म समाधान गर्न यातायातको विकास घरेलु उधोगको विकास, फलफुल खेतीको विकास, भैसी पालन, माछा पालन, मौरी पालन, वाख्रा पालन, कृषि तथा घरेलु कार्यको निमित्त आवश्यक फलामे औजारको उत्पादन, पाउरोटी उधोग, कपडा वुनाई . वेत वांसको सामानहरू वनाउने, ढाका टोपी वुन्ने, गलैचा वुन्ने आदिमा तिव्रताका साथ विकास गर्न आवश्यक छ भनि अन्तर्वार्ता दिनेहरूले वताएको थियो ।

सुझावहरू :-

. शर्वेक्षण अध्ययन बाट प्राप्त सूचनाको आधारमा शर्वेक्षण टोलीले निम्न सुझावहरू प्रस्तुत गर्दछ ।

१. सिन्धुली जिल्ला मध्य पहाडी क्षेत्रमा अवस्थित भएर विभिन्न पहाडी तथा तराई जिल्लाहरू संग भौगोलिक संपर्क रहेता पनि कृषि बाहेक अन्य व्यवसायहरूको विकास हुन सकेको छैन । जिल्लाको अधिकांश भाग पहाडी क्षेत्रमा परेकोले खाद्यान्न को स्थिती पनि राम्रो देखिदैन । जिल्लाको सदरमुकाम सिद्धेश्वर गाउं पंचायत सिन्धुली माढी बजार सम्म कच्चि बाटो निर्माण भई हिउंदको समयमा यातायातको सुविधा छन भने अन्य स्थानहरू जान हाल सम्म पनि घोरेटो बाटोको उपयोग भई आएको छ । यातायात र संचारको सुविधामा यस जिल्ला पछि परेको छ ।

यस जिल्लको ९२ प्रतिशत भन्दा बढि जनशक्ति कृषि पेशामा लागेको र अन्य क्षेत्रमा विकास भई रोजगारका अवसरहरू वृद्धि हुन नसकेको कारण हरेक वर्ष श्रम बजारमा थपिन्दै गएको श्रम शक्ति कृषि क्षेत्रमा लागेकोले अर्ध बेरोजगार र गरिबी जस्ता समस्याले अति नै सताएको छ । अत: जिल्लामा हाल देखापरि रहेको बेरोजगार तथा अर्ध बेरोजगार समस्याको समाधानको निमित्त कृषि बाहेक अन्य गैर कृषि क्षेत्रहरूमा छिटो विकास गरि प्रशस्त रोजगारीका अवसरहरू वृद्धि गर्नु पर्ने देखिन्छ ।

२. यस जिल्लाको ठूलो प्रतिशत जनशक्ति कृषि पेशामा संलग्न भईरहेको तर कृषि परम्परागत तरिका बाट नै गरिआएकोले कृषि क्षेत्रमै पनि प्रशस्त रोजगारी वृद्धि गर्न कृषिमा आवश्यक प्रविधिको विकास साथ साथै कृषि उत्पादनमा विविधिकरण हुनु पर्ने सुझाव गर्दछ । यसको निमित्त श्री ५ को सरकार साथै पंचायत क्षेत्र बाट समेत चासो लिई आवश्यक कार्यहरू हुनु पर्ने देखिन्छ ।

३. सिन्धुली जिल्लाका वहुसंख्यक वासिन्दाहरूले सहायक पेशाको रूपमा गाई,भैंसी पालन वाट घ्यू उत्पादन गरि आफ्नो जिल्लको वजार तथा तराई जिल्लामा लगि विक्री वितरण गर्ने गरेकोले गाई भैंसी पालन गरि अझ अग्रसर गराउनु पर्ने सुझाव गर्दछै । यस्को निमित्त असल जातको गाई भैंसी उपलब्ध गराउनुका साथै उपचार सुविधा सजलै उपलब्ध गराउनु पर्ने देखिन्छ ।

४. सिन्धुली जिल्लाको अधिकांश क्षेत्र पहाडी भेगमा पर्ने र फलफूल खेतीको निमित्त अति नै उपयुक्त देखिन्छ । याहांको पहाडी क्षेत्रमा जुनार,सुन्तला आदि फलफुलको खेती हुने गरेको र उत्पादित फलफुलको वजार नजिकका जिल्लाहरू को वजारमा भएको साथै यस खेतीमा याहांका कितानहरूले विशेष चाख राखेको ले यिनीहरूलाई फलफुल खेतीमा अग्रसर गराउन सकिएको खण्डमा रोजगार अवसरहरू प्रशस्त वृद्धि हुन गई आर्थिक स्थितीमा पनि सुधार आउने देखिन्छ । अत: यस जिल्लाको पहाडी क्षेत्रमा वसोवास गरिरहेकाहरू लाई फलफुल खेतीमा अग्रसर गराउनु पर्ने सुझाव गर्दछै ।

५. सिन्धुली जिल्लामा आलुको उत्पादन हुने गरेको र याहांका वासिन्दाहरूले प्रशस्त आलु उपभोग गर्ने गरेको र यातायातको असुविधाको कारण अन्य जिल्लाहरू को वजारमा आलु ल्याई विक्री गर्ने पतो नपर्ने भएकोले आलु खेतीमा याहांको वासिन्दाहरूले त्यति ध्यान दिने गरेको देखिदैन । यस जिल्लामा आलु खेती गरि प्रशस्त उत्पादन गराउन सकिएको खण्डमा देशका तराई जिल्लाहरूमा ल्याई विक्री वितरण गर्न सकिने र यस वाट पनि रोजगारी वृद्धि हुने देखिन्छ । अत: याहांका वासिन्दाहरू लाई आलु खेतीमा प्रोत्साहन गर्नुका साथै यातायातको विकास गर्नु पर्ने सुझाव गर्दछै ।

६. सिन्धुली जिल्लामा घरेलु उद्योगको विकास विल्कुल भएको देखिदैन । याहां हाल केहि घरेलु उद्योगहरू संचालन भईरहेको छन । तर यस जिल्लाका बासिन्दाहरू फुर्सतको समयमा विशेषगरि हिउंदको समयमा कपडा बुन्ने र बांसका सामानहरू वनाउने गर्दछ । अत: रोजगारीका अवसरहरू वृद्धि गर्न घरेलु उद्योगहरूको प्रवर्द्धन हुनुका साथै घरेलु उद्योग संम्वन्धि ज्ञान र उत्पादित वस्तुहरूको बजारको व्यवस्था हुनु पर्ने सुझाव गर्दछ ।

जिल्लाको ग्रामिण तथा घरेलु उद्योग विकास शाखा कार्यालयले यस कार्यमा अग्रणी भई कार्य गर्नु पर्ने देखिन्छ ।

७. सिन्धुली जिल्लामा हाल विभिन्न शिप भएका जनशक्ति अभाव भईरहेकोले ति शिपहरू जस्तै :- सिकर्मी,डकर्मी,फलामे कृषि औजार वनाउने,बांसका विभिन्न वस्तुहरू वनाउने दक्ष कारिगढ,मिलर कम मिलिङग मेशिन रिपेयर ,होजियरी आदि मा तालिम प्रदान गर्नु पर्ने सुझाव गर्दछ ।

८. जिल्लामा घरेलु उद्योग तथा गैर कृषि व्यवसायहरूको विकास हुनुमा आर्थिक सहयोगले ठुलो भुमिका खेल्न सक्ने हुनाले जिल्ला स्थित वाणिज्य वैंकहरूले संभाव्य उद्योगहरू लाई सहुलियत दरमा सरल तरिका बाट ऋण प्रदान गर्नु पर्ने सुझाव गर्दछ ।